# वित्त कम्पनी सुपरिवेक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०७०/७१

**(2013/14)**

# नेपाल राष्ट्र बैंक

## वित्त कम्पनी सुपरिवेक्षण विभाग

## २०७१ असार

# विषय-सूची

## खण्ड (क)

## पृष्ठभूमि एवं नियमन व्यवस्था


१. पृष्ठभूमि ........ ३

२. नियमन व्यवस्था ........ ५


## खण्ड (ख)

## स्थलगत निरीक्षण


१. समष्टिगत स्थलगत निरीक्षण सम्पन्न गरिएका वित्त कम्पनीहरु ........ ७


## खण्ड (ग)

## गैरस्थलगत सुपरिवेक्षण


१. वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका निर्देशनहरु ........ १२


## खण्ड (घ)

## लक्षित, विशेष तथा अनुगमन निरीक्षण


१. लक्षित निरीक्षण ........ २२

२. विशेष निरीक्षण ........ २२

३. अनुगमन निरीक्षण ........ २३


## खण्ड (ङ)

## कार्यान्वयन


१. निर्देशन तथा कारवाहीहरु ........ २५


## खण्ड (च)

## नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि


१. जनशक्ति ........ २७

२. वार्षिक कार्ययोजना तथा प्रगति ........ २९


## अनुसूचीहरु


अनूसूची- १ वित्त कम्पनीहरूको नाामावली ........ ३१

अनुसूची- २ वित्त कम्पनीहरूको प्रमुख वित्तीय परिसूचकहरू ........

# खण्ड (क)
# पृष्ठभूमि एवं नियमन व्यवस्था

# खण्ड (क)

# पृष्ठभूमि एवं नियमन व्यवस्था

## १.पृष्ठभूमि

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४ को उपदफा (१) को खण्ड (घ) मा उल्लेख भएको बैंकिङ्ग तथा वित्तीय प्रणालीको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने उद्देश्य पूरा गर्ने तथा सोही दफाको उपदफा (१) को खण्ड (ङ) मा उल्लेख भएको नेपालको समग्र बैकिङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने उद्देश्य परिपूर्ति गर्ने सन्दर्भमा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको सुपरिवेक्षण कार्य बैंकको बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग तथा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागबाट आ-आफ्नो सुपरिवेक्षकीय दायराभित्र हुँदै आएको छ । बैंक तथा वित्तीय संस्थाहरुको संख्यात्मक थपघट सँगसँगै भएको कारोवारको परिमाण र जटिलताका सन्दर्भमा यस बैंकको सुपरिवेक्षकीय जिम्मेवारीमा अझै बृद्धि भएको छ ।

मूलतः देहायको उद्देश्य परिपूर्तिका लागि वित्तीय संस्थाहरुको सुपरिवेक्षण गरिन्छ :-

- स्वस्थ र सक्षम वित्तीय प्रणालीको विकास गर्न,
- कुशल वित्तीय बजारको निर्माण गरी वित्तीय स्थायित्व कायम गर्न,
- वित्तीय क्षेत्रमा प्रचलित नियम, कानून तथा निर्देशनहरूको पालना गर्न लगाउन,
- वित्तीय संस्थाहरुमा प्रभावकारी व्यवस्थापन तथा नियन्त्रण प्रणालीको विकास गराउन,
- स्वस्थ वित्तीय संस्थाहरू मार्फत् विशेष गरी निक्षेपकर्ताका साथै सरोकारवालाहरू (Stakeholders) को हकहितको संरक्षण गर्न, र
- वित्तीय परिसूचक मार्फत् देखिने पूर्वसावधानी सङ्केतहरू (Early Warning Signals) का आधारमा देखिएका समस्याहरुलाई समयमा नै पहिचान गरी उपयुक्त समाधान गर्न ।

मिति २०६८।८।१ मा साविकको वित्तीय संस्था सुपरिवेक्षण विभागबाट अलग गरी वित्त कम्पनीहरुको निरीक्षण तथा सुपरिवेक्षण गर्न वित्त कम्पनी सुपरिवेक्षण विभाग गठन भएको हो । २०७१ असार मसान्तसम्ममा यस विभागको सुपरिवेक्षकीय दायराभित्र ५२ वटा वित्त कम्पनीहरु रहेका छन् (अनुसूची-१) ।

### १.१ वित्तीय परिसूचकका सीमाहरु

विगत १ वर्षमा १४ वटा वित्त कम्पनीहरु अन्य संस्थाहरुसँग गाभ्ने/गाभिने कार्य भएको तथा समस्याग्रस्त घोषणा भै यस विभागको सुपरिवेक्षकीय दायराबाट हट्न गएको कारणले वित्त कम्पनीहरुको समष्टिगत तथ्याङ्कमा प्रमुख वित्तीय परिसूचकहरू सुधारोन्मुख रहेको देखिन्छ ।

७ वटा वित्त कम्पनीहरुलाई समस्याग्रस्त एवं शीघ्र सुधारात्मक कारवाही गरिएकोले ती बाहेक ४५ वटा वित्त कम्पनीहरुको काम कारवाहीहरु समेटी आ.व. २०७०।७१ को यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनको अनुसूची-१ मा उल्लेख भएका वित्त कम्पनीहरुको निरीक्षण तथा सुपरिवेक्षण लगायतका क्रियाकलापसंग सम्बन्धित छ ।

वित्त कम्पनीहरूको पुँजीको स्थिति, कर्जाको गुणस्तर, व्यवस्थापनको सक्षमता प्रतिफल दर, तरलता, वित्तीय स्वास्थ्य जस्ता पक्षहरू समेटी यो सुपरिवेक्षण प्रतिवेदन देहायका मापदण्डहरूका आधारमा तयार गरिएको छ ।

- प्रचलित नेपाल कानूनहरू (नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३ आदि)
- नेपाल राष्ट्र बैङ्कद्वारा जारी निर्देशन/मार्ग निर्देशनहरु
- नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७०
- स्थलगत निरीक्षण/गैरस्थलगत सुपरिवेक्षणका सन्दर्भमा दिइएका निर्देशनहरु
- सुपरिवेक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्थापित प्रचलनहरु (Best Practices)

## १.२ नियमन व्यवस्था

आर्थिक वर्ष २०७०।७१ मा यस बैंकबाट ईजाजतपत्रप्राप्त वित्त कम्पनीहरूका लागि लागु गरिएको नियमन व्यवस्था देहाय बमोजिम रहेको छ ।

| क.सं. | प्रमुख नियमन व्यवस्थाहरु | (प्रतिशतमा) |
|---|---|---|
| 1= | **न्यूनतम पुँजी(जोखिम भारित सम्पत्तिको आधारमा)** | |
| | प्राथमिक पुँजी | ५.५ |
| | पुँजीकोष | ११.० |
| 2= | **कर्जा सापटको वर्गीकरण र नोक्सानी व्यवस्था** | |
| | असल कर्जा/सापट (साँवा वा ब्याजले भाखा ननाघेको वा ३ महिनासम्म भाखा नाघेका) | १.० |
| | पुनरतालिकीकरण गरिएको (ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाइएको) तथा पुनर्संरचना गरिएको (कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गरिएको) कर्जा/सापट) | १२.५ |
| | कमसल कर्जा/सापट (साँवा वा ब्याजले ३ महिनादेखि बढीमा ६ महिनासम्म भाका नाघेका) | २५.० |
| | शंकास्पद कर्जा/सापट (साँवा वा ब्याजले ६ महिनादेखि बढीमा १ बर्षसम्म भाका नाघेका) | ५०.० |
| | खराब कर्जा/सापट (साँवा वा ब्याजले १ बर्षभन्दा बढी अवधिले भाका नाघेका) | १००.० |
| | व्यक्तिगत/संस्थागत जमानीमा मात्र प्रवाहित कर्जामा सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थामा थप व्यवस्था | २०.० |
| 3= | **प्रतिग्राहक कर्जा सीमा (प्राथमिक पुँजीको आधारमा)** | |
| | कोषमा आधारित तथा गैरकोषमा आधारित दुबै कर्जाहरु गरी कूल | २५.० |
| | देशको उत्पादन रोजगारी लगायतका उत्पादनमुलक उद्योगहरुमा प्रवाह हुने कर्जाको एकल ग्राहक कर्जा सीमा | ३०.० |
| | जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन र केवलकार निर्माण परियोजनाका लागि कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा | ५०.० |
| ४. | **लगानी सम्बन्धी सीमा** | |
| | जग्गा विकास, आवासीय प्रयोजनको लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना सञ्चालन गर्ने र त्यस्ता घरजग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने सम्बन्धी कार्य (बढीमा ठिक अघिल्लो महिना कायम प्राथमिक पुँजीको प्रतिशतमा) | २५.० |
| | पब्लिक लि. कम्पनीको रुपमा संस्थापना भएका आवास भवन निर्माण तथा जग्गा विकास (Housing and Land Development) परियोजनामा लगानी (बढीमा ठिक अघिल्लो महिना कायम प्राथमिक पुँजीको प्रतिशतमा) | १०.० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी (बढीमा ठिक अघिल्लो त्रयमासमा कायम प्राथमिक पुँजीको प्रतिशतमा) | १०.० |
| | सबै संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा लगानी (बढीमा आफ्नो प्राथमिक पुँजीको प्रतिशत) | ३०.० |

| | | |
|---|---|---|
| | संगठित संस्थाहरु ("घ" वर्गको वित्तीय संस्था बाहेक) को शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | १०.० |
| | "घ" वर्गको वित्तीय संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | २५.० |
| | वित्तीय स्वार्थ भएको कंपनीको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा आफ्नो प्राथमिक पुँजीको आधारमा रहने सीमा | २०.० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभूति गर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | १०.० |
| | सबै संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभूति गर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | ५०.० |
| **५.** | **साप्ताहिक अनिवार्य मौज्दात अनुपात (२ सप्ताह अघिको कूल निक्षेप दायित्वको आधारमा)** | |
| | चल्ती र/वा कल खाताको निक्षेप स्वीकार गरेमा | ४.० |
| | चल्ती र/वा कल खाता बाहेकका अन्य निक्षेप मात्र स्वीकार गरेमा | २.० |
| ६. | **बैधानिक तरलता अनुपात (अघिल्लो महिनाको मसान्तको कूल निक्षेप दायित्वको आधारमा कायम गर्नुपर्ने सीमा)** | |
| | चल्ती र/वा कल खाताको निक्षेप स्वीकार गरेमा | ८.० |
| | चल्ती र/वा कल खाता निक्षेप संकलन नगरेमा | ६.० |
| ७. | **वित्तीय स्रोत सङ्कलन सीमा** | |
| | सापटी श्रोत परिचालन (कूल निक्षेप दायित्वको आधारमा) | एक तिहाईसम्म |
| | वित्तीय श्रोत (ब्याज वा विना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) को संकलन प्राथमिक पुँजीको आधारमा | १५ गुणा |
| | कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट परिचालन गरिने संस्थापक निक्षेप दायित्व (कूल निक्षेप दायित्वको आधारमा) | २०.० |
| ८. | **त्रैमासिक विपन्न वर्ग कर्जा** | |
| | ६ महिना अघिको कर्जा तथा सापटको आधारमा प्रवाह गर्नुपर्ने विपन्न वर्ग कर्जा तथा लगानीको न्युनतम सीमा (२०७१ असार मसान्तसम्म) | ३.५ |

# खण्ड (ख)
# स्थलगत निरीक्षण

# खण्ड (ख)

# स्थलगत निरीक्षण

वित्त कम्पनीहरुको समग्र वित्तीय स्थिति लगायत ती संस्थाहरुबाट प्रचलित ऐन, नियम, नीति तथा यस बैङ्कबाट समय समयमा जारी गरिएका निर्देशनहरूको पालना स्थितिको सम्बन्धमा स्थलगत निरीक्षणबाट मूल्याङ्कन गर्ने गरिन्छ । स्थलगत निरीक्षणको लागि आवश्यक पूर्वाधार तथा कागजातहरु तयार गर्न सम्बन्धित संस्थालाई स्थलगत निरीक्षणमा जानु भन्दा सामान्यतः १५ दिन अगावै सूचना गरिन्छ । स्थलगत निरीक्षण अन्तर्गत छनौटको आधारमा संस्थाका शाखाहरू तथा संस्थाले लगानी गरेका परियोजनाहरू समेत निरीक्षण गरिन्छ । स्थलगत निरीक्षण समष्टिगत स्वरुपको हुने भएकोले CAMELS (Capital Adequacy, Assets Quality, Management, Earning, Liquidity and Sensitivity to Market Risk) Rating को आधारमा मूल्याङ्कन गरिन्छ । साथै, सम्वन्धित संस्थाको जोखिम पक्षहरुलाई समेत मध्यनजर गरी निरीक्षण कार्य सम्पन्न गरिन्छ । वित्त कम्पनीहरुको कामकारवाहीबाट निक्षेपकर्ता एवं लगानीकर्ताहरुको हित संरक्षण भए/नभएको सुनिश्चित गर्न स्थलगत निरीक्षण प्रतिवेदनबााट विस्तृत जानकारी हासिल हुन सक्दछ । यस प्रकारको स्थलगत निरीक्षण सामान्यतः प्रत्येक आर्थिक वर्षमा प्रत्येक संस्थामा एक पटक गर्ने गरिएको छ ।

## समष्टिगत स्थलगत निरीक्षण सम्पन्न गरिएका वित्त कम्पनीहरु

आर्थिक वर्ष २०७०।७१ मा देहायका ४३ वटा वित्त कम्पनीहरुको निरीक्षण कार्य सम्पन्न गरिएको छ :

| क.सं. | वित्त कम्पनीको नाम | देखि | सम्म |
|---|---|---|---|
| १ | सेन्ट्रल फाइनान्स लि. | २०७०।४।२७ | २०५०।५।३ |
| २ | नेपाल एक्सप्रेस फाइनान्स लि. | २०७०।४।२७ | २०७०।५।२ |
| ३ | शुभलक्ष्मी फाइनान्स लि. | २०७०।४।२७ | २०७०।५।२ |
| ४ | हामा मर्चेण्ट एण्ड फाइनान्स लि. | २०७०।४।२७ | २०७०।४।३२ |
| ५ | पाटन फाइनान्स लि. | २०७०।४।२८ | २०७०।५।२ |
| ६ | गुडविल फाइनान्स लि. | २०७०।५।१६ | २०७०।५।२४ |
| ७ | नारायणी नेशनल फाइनान्स लि. | २०७०।५।१६ | २०७०।५।२७ |
| ८ | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।५।१६ | २०७०।५।२४ |
| ९ | ललितपुर फाइनान्स लि. | २०७०।५।१६ | २०७०।५।२३ |
| १० | युनाइटेड फाइनान्स लि. | २०७०।५।१६ | २०७०।५।२७ |
| ११ | फेवा फाइनान्स लि. | २०७०।६।६ | २०७०।६।१४ |
| १२ | सेती फाइनान्स लि. | २०७०।७।२ | २०७०।७।९ |
| १३ | सृजना फाइनान्स लि. | २०७०।७।३ | २०७०।७।९ |
| १४ | महालक्ष्मी फाइनान्स लि. | २०७०।८।१६ | २०७०।८।२४ |

| | | | |
|---|---|---|---|
| १५ | ईम्पेरीयल फाइनान्स लि. | २०७०।८।१६ | २०७०।८।२३ |
| १६ | भक्तपुर फाइनान्स कं. लि. | २०७०।८।१६ | २०७०।८।२३ |
| १७ | पिपल्स फाइनान्स लि. | २०७०।८।१६ | २०७०।८।२१ |
| १८ | पश्चिमाञ्चल फाइनान्स कं. लि. | २०७०।८।२० | २०७०।९।१ |
| १९ | सगरमाथा मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | २०७०।९।२१ | २०७०।९।२८ |
| २० | प्रोग्रेसिभ फाइनान्स कं.लि. | २०७०।९।२१ | २०७०।९।२६ |
| २१ | जानकी फाइनान्स कम्पनी लि. | २०७०।९।२१ | २०७०।९।२९ |
| २२ | गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि. | २०७०।९।२१ | २०७०।९।२८ |
| २३ | सिभिल मर्चेन्ट वित्तीय संस्था लि. | २०७०।९।२१ | २०७०।९।२८ |
| २४ | नवदुर्गा फाइनान्स कम्पनी लि. | २०७०।१०।१२ | २०७०।१०।२१ |
| २५ | मञ्जुश्री फाइनान्स इन्स्टिच्यूशन लि. | २०७०।१०।१२ | २०७०।१०।२१ |
| २६ | लुम्बिनी लिजिङ्ग एण्ड फाईनान्स कं. लि. | २०७०।१०।१९ | २०७०।१०।२७ |
| २७ | जेनिथ फाइनान्स लि. | २०७०।१०।१९ | २०७०।१०।२६ |
| २८ | नमस्ते वित्तिय संस्था लि. | २०७०।११।१० | २०७०।११।१८ |
| २९ | अरुण फाइनान्स लि. | २०७०।११।१८ | २०७०।११।२५ |
| ३० | काठमाण्डौ फाइनान्स लि. | २०७०।११।१९ | २०७०।११।२५ |
| ३१ | ओम फाइनान्स लि. | २०७०।११।२४ | २०७०।१२।०२ |
| ३२ | जेविल्स फाइनान्स लि. | २०७०।११।२५ | २०७०।१२।२ |
| ३३ | नेपाल फाइनान्स लि. पुतलीसडक, | २०७०।१२।५ | २०७०।१२।१२ |
| ३४ | युनिक फाइनान्स लि. | २०७१।१।८ | २०७१।१।१५ |
| ३५ | आईसिएफसी फाइनान्स लि. | २०७१।१।२१ | २०७१।१।३० |
| ३६ | कास्की फाइनान्स लि. | २०७१।१।२० | २०७१।१।३० |
| ३७ | एभरेष्ट फाइनान्स लि. | २०७१।१।२० | २०७१।१।२६ |
| ३८ | मल्टीपरपोज फाइनान्स कं. लि. | २०७१।२।३ | २०७१।२।८ |
| ३९ | नेपाल आवास फाइनान्स लि. | २०७१।२।१८ | २०७१।२।२३ |
| ४० | प्रुडेन्सीयल फाइनान्स कं. लि. | २०७१।२।१८ | २०७१।२।२५ |
| ४१ | एन.आइ.डि.सी.क्यापिटल मार्केट लि. | २०७१।३।१ | २०७१।३।६ |
| ४२ | पोखरा फाइनान्स लि. | २०७१।३।७ | २०७१।३।१४ |
| ४३ | प्रिमियर फिनान्स कम्पनी लि. | २०७१।३।१५ | २०७१।३।२२ |

समस्याग्रस्त घोषणा गरिएका वित्त कम्पनीहरु निकट अनुगमनमा राखिएका र शीघ्र सुधारात्मक कार्यवाही अन्तरगत अनुगमनमा राखिएका संस्थाहरुसमेत गरी देहायमा उल्लेखित वित्त कम्पनीहरुको यस आर्थिक वर्षमा सुपरिवेक्षण नभएको :

| क्र.सं. | वित्त कम्पनीको नाम | अवस्था |
|---|---|---|
| १ | नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि. | समस्याग्रस्त घोषणा |
| २ | पिपल्स फाइनान्स लि. | शीघ्र सुधारात्मक |
| ३ | ललितपुर फाइनान्स लि. | समस्याग्रस्त घोषणा |
| ४ | जनरल फाइनान्स लि. | समस्याग्रस्त घोषणा |
| ५ | वर्ल्ड मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स कम्पनी लि. | समस्याग्रस्त घोषणा |
| ६ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स लि. | समस्याग्रस्त घोषणा |
| ७ | क्रिस्टल फाइनान्स लि. | समस्याग्रस्त घोषणा |

वित्त कम्पनीहरुको स्थलगत निरीक्षणको क्रममा देखिएका केही साझा प्रकृतिका कैफियतहरु देहाय बमोजिम छनः

१. समानुपातिक पुँजी तथा पुँजीकोष अपर्याप्त रहेका वित्त कम्पनीहरुले आवश्यक पुँजी पुऱ्याउने सम्बन्धमा ठोस पहल नगरेको ।

२. कतिपय संस्थाहरुको हकमा निर्देशन अनुरुप कर्जा नोक्सानी व्यवस्था नगरेको ।

३. आपसी सम्बन्ध भएका ग्राहकको पूर्ण एवं अद्यावधिक विवरण तयार नगरेको ।

४. कर्जा प्रवाह गर्नुपूर्व परियोजना तथा आम्दानीको पर्याप्त तथा यथार्थपरक विश्लेषण नगरी धितोमुखि कर्जा प्रवाह गरेको । कर्जा अधिकेन्द्रीत जोखिम न्यूनीकरण गर्नेतर्फ पर्याप्त पहल नगरेको । कर्जा सदुपयोग भए नभएको सम्बन्धमा निरीक्षण नगरेको ।

५. नियमित रुपमा कर्जा नविकरण गरी चालु पुँजी प्रकृतिको कर्जा प्रवाह गर्ने गरेको ।

६. संस्थाको कर्जा लगानी निर्देशिकामा विपन्न वर्ग कर्जा सम्बन्धमा यस बैंकका पछिल्ला निर्देशनहरु समेटी कार्यविधि तर्जुमा नभएको ।

७. सञ्चालक समितिका पदाधिकारीहरुले संस्थाको विनियमावलीमा व्यवस्था नगरी आर्थिक सुविधा उपभोग गर्ने प्रवृत्ति देखिएको ।

८. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिम व्यवसायिक सञ्चालक नियुक्त नभएको ।

# खण्ड (ग)
# गैरस्थलगत सुपरिवेक्षण

यस विभागको गैरस्थलगत सुपरिवेक्षण ईकाइबाट वित्त कम्पनीहरुसँग वित्तीय विवरण, अन्य तथ्याङ्क एवं सूचना माग गरी वित्तीय संस्था सञ्चालनका अवस्थाबारे जानकारी प्राप्त गर्ने गरिन्छ । गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले पूर्वचेतावनी सङ्केत (Early Warning Signal) प्रदान गर्ने हुनाले सम्बन्धित वित्तीय संस्थालाई यथासमयमै सुधारात्मक उपायहरू अपनाउन निर्देशन दिन सहयोग पुऱ्याउँदछ । नेपाल राष्ट्र बैङ्क, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७० लागू भएपछि गैरस्थलगत सुपरिवेक्षण कार्यलाई अझ सुदृढ गरिएको छ । आर्थिक बर्ष २०७०/७१ मा यस विभागको सुपरिवेक्षकीय दायरामा रहेका वित्त कम्पनीहरूको वित्तीय विश्लेषण तथा गैरस्थलगत सुपरिवेक्षणबाट देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न आवश्यक निर्देशन दिनुका साथै सोको पालना सम्बन्धमा अनुगमन गरिएको छ ।

## वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका निर्देशनहरु


### १.१ वित्त कम्पनीहरुको वित्तीय विश्लेषण

आर्थिक वर्ष २०७०।७१ मा कूल ४५ वटा वित्त कम्पनीहरू यस बैङ्कको सुपरिवेक्षकीय दायराभित्र रहेका छन् । ती मध्ये वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएका ३५ वटा वित्त कम्पनीहरुको परिष्कृत वित्तीय विवरण र स्वीकृति लिन बाँकी १० वित्त कम्पनीहरुको अपरिष्कृत वित्तीय विवरणको आधारमा तयार गरिएको वित्त कम्पनी समूह ('ग' वर्ग का वित्तीय संस्थाहरु) को समग्र वित्तीय विश्लेषण निम्न बमोजिम गरिएको छ :

#### 1=1=1 प्राथमिक पुँजी तथा पुँजीकोष

(रु करोडमा)

| विवरण | २०६८।६९ | २०६९।७० | २०७०।७१ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| प्राथमिक पूँजी | 1150 | 1210 | 1366 | 5.16 | 12.96 |
| पूँजीकोष | 1212 | 1272 | 1423 | 4.88 | 11.94 |
| जोखिम भारित सम्पत्ति | 8067 | 8709 | 7077 | 7.96 | (18.74) |
| प्राथमिक पूँजी÷जोखिम भारित सम्पत्ति अनुपात (% मा) | 14.26 | 13.89 | 19.31 | | |
| पूँजीकोष÷जोखिम भारित सम्पत्ति अनुपात (% मा) | 15.03 | 14.60 | 20.11 | | |





वित्त कम्पनीहरुको पूँजीकोष आर्थिक बर्ष २०७०।७१ मा अघिल्लो आ.ब २०६९/७० को रु. १२ अरब ७२ करोडको तुलनामा ११.९४ प्रतिशतले वृद्धि भई रु १४ अरब २३ करोड पुगेको छ भने प्राथमिक पुँजी रु. १२ अरब १० करोडबाट १२.९६ प्रतिशतले वृद्धि भई रु.१३ अरब ६६ करोड कायम भएको छ।

आर्थिक वर्ष २०७०/७१ मा जोखिम भारित सम्पत्तिसंग पुँजीकोष अनुपात २०.११ प्रतिशत रहेको छ भने प्राथमिक पुँजी अनुपात १९.३१ प्रतिशत रहेको छ। आ.व. २०६८/६९ र २०६९/७० मा जोखिम भारित सम्पत्तिसंग पुँजीकोष अनुपात क्रमश: १५.०३ तथा १४.६० प्रतिशत रहेको थियो भने प्राथमिक पुँजीसंगको अनुपात १४.२६ तथा १३.८९ प्रतिशत रहेको थियो। केही वित्त कम्पनीहरु समस्याग्रस्त घोषणा भई तथा केही गाभ्ने गाभिने प्रक्रियाद्धारा बैंक एवं विकास बैंकमा विलय हुन गई यस विभागको निरन्तर सुपरिवेक्षकीय दायराबाट अलग भएकोले कूल जोखिम भारित सम्पत्ति घट्न गएको देखिन्छ।

### १.१.२ जोखिम भारित सम्पत्ति/कूल सम्पत्ति अनुपात

(रु करोडमा)

| विवरण | २०६८।६९ | २०६९।७० | २०७०।७१ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | (२-१)/(१) | (३-२)/(२) |
| कुल सम्पत्ति | 11189 | 10855 | 9362 | -2.98 | -13.75 |
| जोखिम भारित सम्पत्ति | 8067 | 8709 | 7077 | | |
| जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात (प्रतिशतमा) | 72.10 | 80.24 | 75.60 | | |





२०७१ असार मसान्तमा वित्त कम्पनीहरूको कूल सम्पत्ति २०७० असार मसान्तमा कायम रहेको रु. १०८ अरब ५५ करोडको तुलनामा १३.७५ प्रतिशतले न्यून भई रु.९३ अरब ६२ करोड कायम भएको छ । २०७० असार मसान्तमा कूल सम्पत्ति अघिल्लो वर्षको तुलनामा २.९८ प्रतिशतले घटेको थियो ।

२०७१ असार मसान्तमा वित्त कम्पनीहरूको कूल सम्पत्तिमा जोखिम भारित सम्पत्तिको अनुपात ७५.६० प्रतिशत रहेको छ जुन अघिल्लो आ.व. २०६९/७० मा ८०.२४ प्रतिशत र आ.व. २०६८/६९ मा ७२.१० प्रतिशत रहेको थियो । केही वित्त कम्पनीहरु समस्याग्रस्त घोषणा भई तथा केही गाभ्ने गाभिने प्रक्रियाद्धारा बैंक एवं विकास बैंकमा विलय हुन गई यस विभागको निरन्तर सुपरिवेक्षकीय दायराबाट अलग भएकोले कूल जोखिम भारित सम्पत्ति घट्न गएको देखिन्छ ।

### १.१.३ कर्जा तथा सापटको वर्गीकरण

(रु करोडमा)

| विवरण | आ.व. | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०६८।६९ | २०६९।७० | २०७०।७१ | | |
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| सक्रिय कर्जा | 6016 | 6217 | 5433 | 3.34 | -12.62 |
| निष्कृय कर्जा | 885 | 942 | 407 | 6.44 | -56.75 |
| कूल कर्जा तथा सापट | **6901** | **7159** | **5840** | 3.74 | -18.42 |
| निष्कृय कर्जा अनुपात (% मा) | 12.83 | 13.16 | 6.98 | | |





२०७१ असारमसान्तमा वित्त कम्पनीहरुको निष्कृय कर्जा अघिल्लो वर्षको रु.९ अरब ४२ करोडबाट ५६.७५ प्रतिशतले घटेर रु.४ अरब ७ करोड पुगेको छ। यस अवधिको कूल कर्जा तथा सापटमा निष्कृय कर्जाको अनुपात ६.९८ प्रतिशत रहेको छ जुन आ.व. २०६८/६९ मा १२.८३ प्रतिशत तथा आ.व. २०६८/६९ मा १३.१६ प्रतिशत रहेको थियो । वित्त कम्पनीहरुको कूल कर्जा सापट आ.व. २०७०/७१ मा अघिल्लो वर्षको तुलनामा १८.४२ प्रतिशतले घटी भएको छ जुन अघिल्लो बर्ष ३.७४ प्रतिशतले बढेको थियो । केही वित्त कम्पनीहरु समस्याग्रस्त घोषणा भई तथा केही गाभ्ने गाभिने प्रक्रियाद्धारा बैंक एवं विकास बैंकमा विलय हुन गई यस विभागको निरन्तर सुपरिवेक्षकीय दायराबाट अलग भएकोले यस वर्ष कूल कर्जा नोक्सानी व्यवस्था समेत घट्न गएको देखिन्छ । तुलनात्मक रुपमा कमजोर वित्तीय परिसूचक भएका वित्त कम्पनीहरु यस वर्षको तथ्यांकमा नरहेकोले पनि समग्र वित्त कम्पनीहरुको कूल कर्जासँगै निष्कृय कर्जा अनुपात घटेको देखिन्छ ।

### १.१.४ कर्जा नोक्सानी व्यवस्था

(रु करोडमा)

| विवरण | २०६८।६९ | २०६९।७० | २०७०।७१ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (२) | (३) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| सक्रिय कर्जा नोक्सानी व्यवस्था | 89 | 62 | 54 | -29.83 | -13.21 |
| निष्कृय कर्जा नोक्सानी व्यवस्था | 797 | 1034 | 347 | 29.74 | -66.46 |
| कुल कर्जा नोक्सानी व्यवस्था | 886 | 1096 | 401 | 23.77 | -63.44 |
| कुल कर्जा तथा सापट | 6901 | 7159 | 5840 | | |
| कुल कर्जा नोक्सानी व्यवस्था/कुल कर्जा अनुपात (% मा) | 12.83 | 15.31 | 6.86 | | |





२०७१ असारमा वित्त कम्पनीहरुले सक्रिय कर्जा रु.५४ करोड तथा निष्कृय कर्जामा रु.३ अरब ४७ करोड गरी कूल कर्जामा रु. ४ अरब १ करोड कर्जा नोक्सानी व्यवस्था गरेको देखिन्छ जुन २०७० असारमा रु.१० अरब ९६ करोड रहेको थियो । केही वित्त कम्पनीहरु समस्याग्रस्त घोषणा भई तथा केही गाभ्ने गाभिने प्रक्रियाद्धारा बैंक एवं विकास बैंकमा विलय हुन गई यस विभागको निरन्तर सुपरिवेक्षकीय दायराबाट अलग भएकोले यस वर्ष कूल कर्जा नोक्सानी व्यवस्था समेत घट्न गएको देखिन्छ ।

### १.१.५ कर्जा / निक्षेप अनुपात

(रु करोडमा)

| विवरण | २०६८।६९ | २०६९।७० | २०७०।७१ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| कर्जा तथा सापट | 6901 | 7159 | 5840 | 3.74 | -18.42 |
| निक्षेप | 7645 | 7680 | 6837 | 0.46 | -10.98 |
| कर्जा/निक्षेप अनुपात | 90.27 | 93.22 | 85.42 | 3.27 | -8.36 |
| प्राथमिक पूँजी | 1150 | 1210 | 1366 | | |
| कर्जा /(प्राथमिक पूँजी तथा निक्षेप) अनुपात | 78.46 | 80.53 | 71.19 | | |




वित्त कम्पनीहरुको कर्जा तथा सापट/निक्षेप अनुपात २०७१ असारमा ८५.४२ प्रतिशत रहेको छ भने अघिल्लो वर्ष यस्तो अनुपात ९३.२२ प्रतिशत रहेको थियो । केही वित्त कम्पनीहरु समस्याग्रस्त घोषणा भई तथा केही गाभ्ने गाभिने प्रक्रियाद्धारा बैंक एवं विकास बैंकमा विलय हुन गई यस विभागको निरन्तर सुपरिवेक्षकीय दायराबाट अलग भएकोले कर्जा निक्षेप अनुपात घट्न गएको देखिन्छ ।

## १.१.६ गैरबैंकिङ्ग सम्पत्ति

(रु. करोडमा)

| विवरण | २०६८।६९ | २०६९।७० | २०७०।७१ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| गैरबैंकिङ्ग सम्पत्ति | 42 | 81 | 117 | 95.01 | 44.48 |
| कूल सम्पत्ति | 11189 | 10855 | 9362 | | |
| गैरबैकिङ्ग सम्पत्ति/कूल सम्पत्ति अनुपात | 0.37 | 0.75 | 1.25 | | |





वित्त कम्पनीहरुको गैरबैंकिङ्ग सम्पत्तिमा आ.व. २०७०/७१ मा अघिल्लो आ.व.को तुलनामा ४४.४८ प्रतिशतले बृद्धि भई रु.१ अरब १७ करोड कायम भएको छ। आ.व. २०६९/७० मा यस्तो सम्पत्ति रु.८१ करोड थियो । कूल सम्पत्तिमा गैरबैकिङ्ग सम्पत्तिको अंश २०६९ असार मसान्तमा ०.३७ प्रतिशतको तुलनामा २०७० असार मसान्तमा ०.७५ प्रतिशत तथा २०७१ असार मसान्तमा पुनः वृद्धि भई १.२५ प्रतिशत पुगेको छ ।

## १.१.७ प्रतिफलको स्थिति

रु करोडमा

| विवरण | २०६८।६९ | २०६९।७० | २०७०।७१ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| ब्याज आम्दानी | 1176 | 1074 | 866 | (8.71) | (19.36) |
| ब्याज खर्च | 838 | 716 | 560 | (14.55) | (21.84) |
| सञ्चालन आम्दानी | 413 | 269 | 382 | (34.87) | 42.06 |
| खुद नाफा/नोक्सान (रु.करोडमा) | -220 | 112 | 193 | 151.08 | 71.54 |





आ.व. २०६८/६९ र आ.व. २०६९/७० मा वित्त कम्पनीहरुको खुद नोक्सान क्रमशः रु.२ अरब २० करोड र खुद नाफा १ अरब १२ करोड रहेकोमा आ.व. २०७०/७१ मा रु १ अरब ९३ करोड खुद नाफा रहेको छ।

## १.१.८ तरलता

रु करोडमा

| विवरण | २०६८/६९ | २०६९/७० | २०७०/७१ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| नगद | 135 | 182 | 106 | 34.12 | -41.78 |
| नेपाल राष्ट्र बैङ्क मौज्दात | 392 | 308 | 304 | -21.37 | -1.46 |
| अन्य बैङ्क/वित्तीय संस्थामा रहेको मौज्दात | 2169 | 1010 | 2063 | -53.43 | 104.22 |
| सरकारी सुरक्षणपत्रमा लगानी | 248 | 184 | 239 | -25.78 | 29.47 |
| कुल तरल सम्पत्ति | 2945 | 1685 | 2711 | -42.80 | 60.96 |
| निक्षेप | 7645 | 7680 | 6837 | | |
| तरल सम्पत्ति/कुल निक्षेप अनुपात (प्रतिशतमा) | 38.52 | 21.93 | 39.66 | | |




२०७१ असारमसान्तमा अघिल्लो वर्षको तुलनामा वित्त कम्पनीहरुका तरल सम्पत्तिमा ६०.९६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष तरल सम्पत्तिमा ४२.८० प्रतिशतले घटेको थियो ।

२०७१ असारमा वित्त कम्पनीहरुसंग रहेको नगद मौज्दातमा ४१.७८ प्रतिशतले न्यून भएको छ भने सरकारी सुरक्षणपत्रमा लगानी २९.४७ प्रतिशतले बढेको छ ।


वित्त कम्पनीहरुको २०७१ असार मसान्तमा अन्य बैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दातको अंश १०४.२२ प्रतिशतले बढेको छ । अन्य लगानीका क्षेत्रहरुमा संकुचन आएको कारण अन्य बैंक वित्तीय संस्थामा निक्षेप राख्ने प्रवृत्ति बढेको देखिन्छ ।आ.व. २०६८/६९ को तुलनामा आ.व. २०६९/७० मा अन्य बैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दातको अंशमा ५३.४३ प्रतिशतले घटेको थियो ।

वित्त कम्पनीहरुको आ.व. २०६८/६९ र आ.व. २०६९/७० मा तरल सम्पत्ति कूल निक्षेप अनुपात क्रमशः ३८.५२ प्रतिशत तथा २१.९३ प्रतिशत रहेकोमा आ.व. २०७०/७१ मा उक्त अनुपात ३९.६६ प्रतिशत रहेको छ । आ.व. २०६९।७० मा वित्त कम्पनीहरुको कर्जा निक्षेप अनुपात बढेको हुँदा कूल निक्षेपमा तरल सम्पत्ति अनुपात घट्न गएको देखिन्छ ।

## १.१.९ वित्तीय स्रोत (सापटी तथा निक्षेप) परिचालन

रु करोडमा

| विवरण | २०६८।६९ | २०६९।७० | २०७०।७१ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| निक्षेप | 7645 | 7680 | 6837 | 0.46 | (10.98) |
| सापटी | 97 | 136 | 43 | 41.05 | (68.85) |
| कुल वित्तीय स्रोत | 7742 | 7816 | 6879 | 0.96 | (11.99) |
| प्राथमिक पूँजी | 1150 | 1210 | 1366 | | |
| वित्तीय स्रोत सङ्कलन/ प्राथमिक पूँजी (गुणा) | 6.73 | 6.46 | 5.03 | | |




२०७१ असार मसान्तमा वित्त कम्पनीहरूको निक्षेप रु.६८ अरब ३७ करोड र सापटी रु. ४३ करोड गरी कूल वित्तीय स्रोत जम्मा रु.६८ अरब ७९ करोड रहेको देखिन्छ, जुन २०७० असारको तुलनामा ११.९९ प्रतिशतले घटेको छ । आ.व. २०६९/७० मा अघिल्लो आ.व.को तुलनामा कूल वित्तीय स्रोत ०.९६ प्रतिशतले बढेको रु.७८ अरब १६ करोड कायम भएको थियो ।

वित्तीय स्रोत सङ्कलन अनुपात २०६९ असारमा प्राथमिक पुँजीको ६.७३ गुणा भएकोमा २०७० असारमा ६.४६ गुणा र २०७१ असारमा ५.०३ गुणा रहेको छ ।

## २. वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका प्रमुख निर्देशनहरु

यस विभागको सुपरीवेक्षकीय दायराभित्र रहेका वित्त कम्पनीहरुलाई संस्थाको वाह्य तथा आन्तरिक लेखा परीक्षण प्रतिवेदनका आधारमा गैरस्थलगत सुपरीवेक्षण गरी वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका साझा प्रकृतिका मुख्य निर्देशनहरु देहाय बमोजिम रहेका छन्:

२.१ न्युनतम चुक्ता पुँजी कायम गर्ने सम्बन्धमा यस बैंकको पत्रसंख्या बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०२/०७०/७१ मिति: २०७०/०४/२७ को परिपत्रमा उल्लेख भए बमोजिम न्युनतम चुक्ता पुँजी कायम गर्न ।

२.२ निष्कृय कर्जाको अनुपात न्यून गर्न ।

२.३ कर्जा नीतिमा उल्लेख भएका प्रकृयाहरु पुरा गरेर मात्र कर्जा प्रवाह गर्न ।

२.४ जोखिम व्यवस्थापन नीति तर्जुमा गर्न तथा जोखिम व्यवस्थापन समिति गठन गरी उक्त समितिलाई सक्रिय बनाउन ।

२.५ अन्य रियल स्टेट कर्जा शीर्षकमा प्रवाह भएको कर्जा सीमाभित्र ल्याउन ।

२.६ पारिश्रमिक निर्धारण, गैरबैंकिङ्ग सम्पत्ति व्यवस्थापन एवं सम्पत्ति दायित्व व्यवस्थापन नीति तर्जुमा गरी जानकारी दिन ।

२.७ संस्थागत सुशासन सम्बन्धी विभिन्न निर्देशनहरुको पूर्ण रुपमा पालना गर्न ।

२.८ बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३, को दफा १२ को उपदफा (२) अनुसार व्यवसायिक संचालक नियुक्त गर्न ।

२.९ सम्पत्ति शुद्धिकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन नं १९ को पालना गर्न ।

२.१० लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरु तथा पूर्व स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षणमा दिइएका निर्देशनहरु पालना गर्न ।

२.११ ऐन कानूनले तोके बमोजिम्को समय सीमाभित्र वार्षिक साधारणसभा सम्पन्न गर्न ।

# खण्ड (घ)
# लक्षित, विशेष तथा अनुगमन निरीक्षण

# लक्षित, विशेष तथा अनुगमन निरीक्षण

नयाँ खुलेका संस्थाहरुको निरीक्षणवाट खासगरी प्रचलित कानुन तथा नियमनको पालना, संस्थागत सुशासन स्थिति लगायतका पक्षहरुमा कमजोरी देखिए समयमै सुधारात्मक कदम चाल्न मद्दत पुग्दछ । यस प्रयोजनका लागि बैंकले संस्था स्थापना भएको सामान्यतया ६ महिना पश्चात लक्षित निरीक्षण गर्ने नीति अवलम्वन गरेको छ । त्यसैगरी कुनै वित्तीय संस्थामा निक्षेपकर्ताको हित विपरीत कार्य भएको वा अनियमितता भइरहेको वा सर्वसाधारणलाई गलत सूचना प्रवाह गरिरहेको जस्ता विषयमा सार्वजनिक सञ्चार माध्यम तथा अन्य श्रोतवाट प्राप्त जानकारीका आधारमा विशेष निरीक्षण गरिन्छ । साथै, वित्तीय संस्थाहरुको निरीक्षण प्रतिवेदनमा औल्याइएका कैफियतहरु सुधार गर्न दिइएको निर्देशन पालनाको स्थितिको अध्ययन गर्ने क्रममा अनुगमन निरीक्षण गरिन्छ । यस्तो अनुगमनवाट ती संस्थाहरुको वित्तीय स्वास्थ्यबारे आश्वस्त हुने आधार तयार हुन्छ । यस्तो अनुगमन कार्य एउटा निरन्तर प्रक्रिया पनि हो ।

आर्थिक वर्ष २०७०/७१ मा देहाय वमोजिमका वित्त कम्पनीहरुको लक्षित एवं विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

## १. लक्षित निरीक्षण :

यस आर्थिक वर्षमा कुनै पनि वित्त कम्पनीहरुको लक्षित निरीक्षण गर्नु पर्ने अवस्था नभएको ।

## २. विशेष निरीक्षण :

आर्थिक वर्ष २०७०/७१ मा देहाय वमोजिम १७ वटा वित्त कम्पनीहरुको विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

| क्र.सं. | वित्त कम्पनीको नाम | देखि | सम्म |
|---|---|---|---|
| १ | एन.आइ.डि.सी.क्यापिटल मार्केट लि. | २०७०।४।८ | २०७०।४।९ |
| २ | जनरल फाइनान्स लि. | २०७०।४।२३ | २०७०।४।२४ |
| ३ | नेपाल हाउजिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लि. | २०७०।४।२१ | २०७०।४।२२ |
| ४ | वर्ल्ड मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।४।३० | २०७०।४।३१ |
| ५ | ललितपुर फाइनान्स लि. | २०७०।६।१३ | २०७०।६।१६ |
| ६ | वर्ल्ड मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।५।१६ | २०७०।५।१७ |
| ७ | जानकी फाइनान्स कम्पनी लि. | २०७०।६।२१ | २०७०।६।२३ |
| ८ | प्रुडेन्सीयल फाइनान्स कं. लि. | २०७०।७।४ | २०७०।७।४ |
| ९ | जेनिथ फाइनान्स लि. | २०७०।८।१० | २०७०।८।१० |
| १० | जनरल फाइनान्स लि. | २०७०।८।११ | २०७०।८।११ |
| ११ | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।८।११ | २०७०।८।११ |
| १२ | नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि. | २०७०।५।२६ | २०७०।५।३१ |

| | | | |
|---|---|---|---|
| १३ | कुवेर मर्चेन्ट फाइनान्स लि. | २०७०।७।१२ | २०७०।७।१३ |
| १४ | वर्ल्ड मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।७।१३ | २०७०।७।१३ |
| १५ | युनाइटेड फाइनान्स लि. | २०७०।११।१ | २०७०।११।१ |
| १६ | नेपाल फाइनान्स लि. पुतलीसडक, | २०७१।३।२६ | २०७१।३।२७ |
| १७ | प्रुडेन्सीयल फाइनान्स कं. लि. | २०७१।३।२५ | २०७१।३।२५ |

## ३. अनुगमन निरीक्षण :

आर्थिक वर्ष २०७०/७१ मा देहाय वमोजिम १२ वटा वित्त कम्पनीहरुको अनुगमन निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

| क्र. सं. | वित्त कम्पनीको नाम | देखि | सम्म |
|---|---|---|---|
| १ | पोखरा फाइनान्स लि. | २०७०।५।१५ | २०७०।५।१८ |
| २ | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।१०।२ | २०७०।१०।४ |
| ३ | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।१२।१९ | २०७०।१२।१९ |
| ४ | जानकी फाइनान्स कम्पनी लि. | २०७१।१।२ | २०७१।१।४ |
| ५ | ललितपुर फाइनान्स लि. | २०७१।१।४ | २०७१।१।५ |
| ६ | नेपाल हाउजिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लि. | २०७१।१।८ | २०७१।१।१२ |
| ७ | पश्चिमाञ्चल फाइनान्स कं. लि. | २०७१।२।२२ | २०७१।२।२४ |
| ८ | सिनर्जी फाईनान्स लि. | २०७१।३।२६ | २०७१।३।२६ |
| ९ | पोखरा फाइनान्स लि. | २०७०।५।१५ | २०७०।५।१८ |
| १० | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।१०।२ | २०७०।१०।४ |
| ११ | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं. लि. | २०७०।१२।१९ | २०७०।१२।१९ |
| १२ | जानकी फाइनान्स कम्पनी लि. | २०७१।१।२ | २०७१।१।४ |

# खण्ड (ङ)
# कार्यान्वयन
# (Enforcement)

# खण्ड (ङ)

# कार्यान्वयन (Enforcement)

निरीक्षण प्रतिवेदन कार्यान्वयन इकाईबाट प्रतिवेदन कार्यान्वयनको क्रममा सम्बन्धित संस्थाहरुलाई दिइएका निर्देशनहरु पालन भए/नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने गरिएको छ । साथै, विनियमावलीमा व्यवस्था भए बमोजिम कार्यान्वयन प्रतिवेदन इकाईबाट त्रयमासिक रुपमा कार्यान्वयन प्रतिवेदन तयार गरिने गरिएको छ ।

## १. निर्देशन तथा कारवाहीहरु :

### १.१ एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. लाई भए/गरेको कारवाहीको विवरण

१.१.१ २०७०।५।१६ मा पूँजीकोष नपुग भएकोले स्पष्टिकरण माग गरिएको ।

१.१.२ २०७०।२।५ देखि १३ गतेसम्म गरिएको स्थलगत निरीक्षणको क्रममा देखापरेका प्रमुख कैफियतहरुका आधारमा तत्कालिन संचालक समितिका सदस्यहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा २ को खण्ड (ग) एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा ४ खण्ड (ग) बमोजिम् रु. ५ लाख जरिवाना किन नगर्ने, सो गर्न नपर्ने कुनै कारण भए पत्र प्राप्त गरेको ३५ दिनभित्र स्पष्टिकरण पेश गर्न भनी स्पष्टिकरण सोधिएको ।

१.१.३ संस्थाका तत्कालिन संचालक तथा पदाधिकारीलाई कारवाही गर्ने निर्णय भई जनही रु ५ लाख जरिवाना गर्ने पत्र पठाईएको ।

१.१.४ तत्कालिन संचालकहरु शिवजी प्रसाद यादव, पाण्डु प्रसाद प्रसाई, शेखर भट्टराई र रविन्द्र राज पन्तहरुले संयुक्त रुपमा ने.रा.बैंक संचालक समितिमा २०७०।११।२१ मा भएको निर्णयको पुनरावलोकन गरी अघिबाट भएको निर्णय बदर गरी पाऊँ भनी निवेदन पेश गरेको ।

### १.२ नेपाल हाउजिङ् एण्ड मर्चेण्ट फाईनान्स लि. लाई भए गरेको कारवाही विवरणः

१.२.१ संचालकहरु अनिल हाडा, दिनेश श्रेष्ठ र गजेन्द्र बहादुर श्रेष्ठलाई स्पष्टिकरण सोध्नुका साथै नगद जरिवाना गरिएको ।

# खण्ड (च)
# नीति, योजना र आन्तरिक प्रशासनसंग सम्बन्धित गतिविधि

# खण्ड (च)

# नीति, योजना र आन्तरिक प्रशासनसंग सम्बन्धित गतिविधि

## १. जनशक्ति :

हाल विभागमा अधिकृत स्तरका ३७, सहायक स्तरका १ र कार्यालय सहयोगीस्तरका २ जना गरी देहाय वमोजिमका ४० जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १. | कार्यकारी निर्देशक | श्री जनकबहादुर अधिकारी |
| २. | निर्देशक | श्री भुवन कडेल |
| ३. | निर्देशक | श्री एजिन्द्रप्रसाद लुईटेल |
| ४. | निर्देशक | श्री हरिशरण के.सी. |
| ५. | उप-निर्देशक | श्री बलराम पौडेल |
| ६. | ,, | श्री एकराज कडेल |
| ७. | ,, | श्री भुवन वस्नेत |
| ८. | ,, | श्री हरिप्रसाद सुवेदी |
| ९. | ,, | श्री सन्तोषकुमार घिमिरे |
| १०. | | श्री सुनिता श्रेष्ठ |
| ११. | ,, | श्री दिनेशकुमार सिंह |
| १२. | ,, | श्री रत्नेश्वरलाल कर्ण |
| १३. | ,, | श्री कर्णगोपाल श्रेष्ठ |
| १४. | ,, | श्री निश्चल अधिकारी |
| १५. | सहायक निर्देशक | श्री दीपक सापकोटा |
| १६. | ,, | श्री बीरेन्द्रकुमार श्रेष्ठ |
| १७. | ,, | श्री हेमनाथ त्रिपाठी |
| १८. | ,, | श्री काजीराम कार्की |
| १९. | ,, | श्री प्रेमलाल ज्ञवाली |
| २०. | ,, | श्री ताराप्रसाद ओझा |
| २१. | ,, | श्री संजिवकुमार झा |

| | | |
|---|---|---|
| २२. | ,, | श्री रामचन्द्र भट्टराई |
| २३. | ,, | श्री श्यामप्रसद ढकाल |
| २४. | ,, | श्री शिवप्रसाद पहारी |
| २५. | ,, | श्री विष्णुप्रसाद उपाध्याय |
| २६. | ,, | श्री दिलबहादुर सुव्वा |
| २७. | ,, | श्री रवीप्रकाश मजगैया |
| २८. | ,, | श्री कुवेर थापा |
| २९. | ,, | श्री हरिश्चन्द्र ढकाल |
| ३०. | ,, | श्री पुरुषोत्तम खतिवडा |
| ३१. | ,, | श्री धीरेन्द्रकुमार आर.सी. |
| ३२. | ,, | श्री राजु श्रेष्ठ |
| ३३. | ,, | श्री शारदा भट्ट पौडेल |
| ३४. | ,, | श्री पूर्णबहादुर शाह |
| ३५. | ,, | श्री शिवनाथ योगी |
| ३६. | ,, | श्री सविन थापा |
| ३७. | ,, | श्री प्रकाशकुमार धिताल |
| ३८. | सहायक | श्री मधु पुडासैनी |
| ३९. | कार्यालय सहयोगी | श्री निर्मला अधिकारी |
| ४०. | कार्यालय सहयोगी | श्री शैलु जोशी |

## २. वार्षिक कार्य योजना तथा प्रगति :

यस विभागको आर्थिक वर्ष २०७०।७१ को वार्षिक कार्य योजनाको प्रगति विवरण देहाय अनुसार रहेको छ।

| सिनं | कार्य विवरण | भाराङ्क | प्रगति विवरण |
|---|---|---|---|
| १. | समस्टिगत स्थलगत निरीक्षण<br>१.१ समष्टिगत स्थलगत निरीक्षण - ४३<br>१.२ वित्त कम्पनीहरुको अनुगमन तथा विशेष निरीक्षण - २९ | 1 | समस्याग्रस्त, निकट अनुगमन र शीघ्र सुधारात्मक कारवाहीमा परेका वित्त कम्पनी बाहेक अन्य सबैको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन भएको । |
| २. | त्रयमासिक रुपमा समष्टिगत गैरस्थलगत सुपरीवेक्षण प्रतिवेदन तयार गर्ने । | 1 | सम्पादन भैसकेको |
| ३ | गैरस्थलगत निरीक्षण तथा अनुगमन गर्ने । | 1 | सम्पादन भैसकेको |
| ३.१ | अनिवार्य नगद मौज्दात अनुपात (CRR) को साप्ताहिक अनुगमन । | | |
| ३.२ | वैधानिक तरलता अनुपात (SLR) को मासिक अनुगमन । | | |
| ३.३ | विपन्न वर्ग कर्जा (Deprived Sector Lending) को त्रैमासिक अनुगमन । | | |
| ३.४ | वित्त कम्पनीहरुको पुंजी पर्याप्तता सम्बन्धमा मासिक अनुगमन । | | |
| ३.५ | वित्त कम्पनीहरुको कर्जा, निक्षेप, तरलता स्थिति लगायतका प्रमुख वित्तीय परिसुचकहरुको दैनिक तथा मासिक अनुगमन गर्ने । | | |
| ४. | वित्त कम्पनीहरुको साधारणसभा प्रयोजनका (AGM) लागि वार्षिक वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति दिने । | 1 | संस्थाले साधारणसभा गर्न स्वीकृति माग गरे बमोजिम सबैलाई स्वीकृति दिइएको । |
| ५. | वित्त कम्पनीहरुको निरीक्षण प्रतिवेदन कार्यान्वयन गर्ने । | 1 | सम्पादन भैसकेको |
| ६. | वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने । | 1 | सम्पादन भैसकेको |
| **थप कार्यहरु विशेष/विकासात्मक कार्यहरु)** | | | |
| ७. | Liquidity Monitoring Framework लागू गर्ने । | | बैंक तथा विकास बैंकहरुको कार्यानुभवको आधारमा क्रमश: लागू गरिने । |
| ८. | विभागीय काम सम्बन्धी कागजातहरुलाई अद्यावधिक गर्ने एवम् काम नलाग्ने कागजात हटाउने । | | क्रमश: गरिंदै लगिएको । |
| ९. | समस्याग्रस्त वित्त कम्पनीको Problem Resolution को लागि Action Plan तयार गरी लागू गराउने । | | समस्याग्रस्त वित्त कम्पनीहरुको लागि छुट्टै रिजोलुसन महाशाखाबाट अनुगमन भएको । |
| जम्मा | | 9 | |

# अनुसूचीहरू

# वित्त कम्पनीहरुको नामावली

२०७१ असार मसान्त

| क.सं. | वित्त कम्पनीको नाम (समस्याग्रस्त घोषित एवं शीघ्र सुधारात्मक कारवाहीमा परेका समेत) | प्रधान कार्यालय |
|---|---|---|
| 1 | नेपाल आवास फाइनान्स लि. | नयाँबानेश्वर, काठमाडौं |
| 2 | नेपाल फाइनान्स लि. पुतलीसडक, | कमलादी, काठमाडौं |
| 3 | एन.आइ.डि.सी.क्यापिटल मार्केट लि. | कमलपोखरी, काठमाडौं |
| 4 | नारायणी नेशनल फाइनान्स लि. | कालिकास्थान, काठमाडौं |
| 5 | नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि. | रामशाहपथ, काठमाडौं |
| 6 | पिपल्स फाइनान्स लि. | त्रिपुरेश्वर, काठमाडौं |
| 7 | सिनर्जी फाईनान्स लि. | बुटवल |
| 8 | काठमाण्डौ फाइनान्स लि. | डिल्लीबजार,काठमाडौं |
| 9 | हिमालय फाइनान्स लि. | सुन्धरा, काठमाडौं |
| 10 | युनियन फाइनान्स लि. | कमलादी, काठमाडौं |
| 11 | पश्चिमाञ्चल फाइनान्स कं. लि. | बुटबल, रुपन्देही |
| 12 | नेपाल हाउजिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लि. | डिल्लीबजार, काठमाडौं |
| 13 | गुडविल फाइनान्स लि. | हात्तीसार, काठमाडौं |
| 14 | सिद्धार्थ फाइनान्स लि. | सिद्धार्थनगर, रुपन्देही |
| 15 | श्रीइन्भेष्टमेण्ट एण्ड फाइनान्स कं. लि. | डिल्लीबजार, काठमाडौं |
| 16 | लुम्बिनी लिजिङ्ग एण्ड फाईनान्स कं. लि. | ठमेल, काठमाडौं |
| 17 | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं. लि. | नयाँ बानेश्वर, काठमाडौं |
| 18 | महालक्ष्मी फाइनान्स लि. | पुतलीसडक, काठमाडौं |
| 19 | ललितपुर फाइनान्स लि. | लगनखेल, ललितपुर |
| 20 | युनाइटेड फाइनान्स लि. | दरवारमार्ग, काठमाडौं |
| 21 | जनरल फाइनान्स लि. | चाबहिल, काठमाडौं |
| 22 | प्रोग्रेसिभ फाइनान्स कं.लि. | न्यूरोड, काठमाडौं |
| 23 | जानकी फाइनान्स कम्पनी लि. | जनकपुरधाम, धनुषा |
| 24 | पोखरा फाइनान्स लि. | पोखरा, कास्की |
| 25 | सेन्ट्रल फाइनान्स लि. | कुपण्डोल, ललितपुर |
| 26 | प्रिमियर फिनान्स कम्पनी लि. | कुमारीपाटी, ललितपुर |
| 27 | अरुण फाइनान्स लि. | धरान, सुनसरी |
| 28 | मल्टीपरपोज फाइनान्स कं. लि. | राजविराज, सप्तरी |
| 29 | सृजना फाइनान्स लि. | विराटनगर, मोरङ्ग |
| 30 | ओम फाइनान्स लि. | पोखरा, न्यूरोड |
| 31 | वर्ल्ड मचेंण्ट बैकिङ्ग एण्ड फाइनान्स कं. लि. | हेटौडा, मकवानपुर |

| | | |
|---|---|---|
| ३२ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि. | बत्तिसपुतली, काठमाडौं |
| ३३ | क्रिष्टल फाइनान्स लि. | बागदरवार, काठमाडौं |
| ३४ | गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि. | पुल्चोक, ललितपुर |
| ३५ | पाटन फाइनान्स लि. | पुल्चोक, ललितपुर |
| ३६ | फेवा फाइनान्स लि. | पोखरा, कास्की |
| ३७ | एभरेष्ट फाइनान्स लि. | सिद्धार्थनगर, रुपन्देही |
| ३८ | प्रुडेन्सीयल फाइनान्स कं. लि. | डिल्लीबजार, काठमाडौं |
| ३९ | आईसिएफसी फाइनान्स लि. | भाटभटेनी, काठमाडौं |
| ४० | सगरमाथा मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | मानभवन, ललितपुर |
| ४१ | ईम्पेरीयल फाइनान्स लि. | थापाथली, काठमाडौं |
| ४२ | कुवेर मर्चेन्ट फाइनान्स लि. | कमलपोखरी, काठमाडौं |
| ४३ | नेपाल एक्सप्रेस फाइनान्स लि. | सुन्धारा, काठमाडौं. |
| ४४ | सेती फाइनान्स लि. | टिकापुर, कैलाली |
| ४५ | हामा मर्चेण्ट एण्ड फाइनान्स लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ४६ | नमस्ते वित्तिय संस्था लि. | घोराही, दाङ्ग |
| ४७ | कास्की फाइनान्स लि. | पोखरा, कास्की |
| ४८ | युनिक फाइनान्स लि. | पुतलीसडक, काठमाडौं |
| ४९ | मञ्जुश्री फाइनान्स इन्ष्टिच्यूशन लि. | नयाँबानेश्वर, काठमाडौं |
| ५० | जेविल्स फाइनान्स लि. | न्यूरोड, काठमाडौं |
| ५१ | रिलायन्स फाइनान्स लिमिटेड | प्रदर्शनीमार्ग, काठमाडौं |
| ५२ | भक्तपुर फाइनान्स कं. लि. | च्यामसिंह, भक्तपुर |